संयुक्त राष्ट्रसङ्घीय
मानवअधिकार उच्चायुक्तको
कार्यालय, नेपाल

**प्रेस विज्ञप्ति – २०६४ ज्येष्ठ २१**

---

## उच्चायुक्तको कार्यालय–नेपालद्वारा बेपत्ता पार्ने कार्यसम्बन्धी सर्वोच्च अदालतको अभूतपूर्व निर्णयको स्वागत

उच्चायुक्तको कार्यालय–नेपाल बलपूर्वक बेपत्ता पार्ने कार्यसम्बन्धी विचाराधीन केही मुद्दाका सम्बन्धमा २०६४ ज्येष्ठ १८ गते भएको सर्वोच्च अदालतको अभूतपुर्व निर्णयको स्वागत गर्दछ। निर्णयमा अन्य कुरामध्ये बलपूर्वक बेपत्ता पार्ने कार्यबाट सबै व्यक्तिको संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिमुताबिक बलपूर्वक बेपत्ता पार्ने कार्यलाई अपराधकरण गर्न कानुन बनाउन; बेपत्ता पार्ने कार्यबारे जाँचबुझ आयोगसम्बन्धी अन्तर्राष्ट्रिय मापदण्डमुताबिक यस्तो एक उच्चस्तरीय आयोग गठन गर्न; बेपत्ता पार्ने कार्यबारे अनुसन्धान गर्ने तथा त्यसका लागि जिम्मेवार व्यक्तिलाई अभियोजन गर्ने व्यवस्था गर्न; र पीडित तथा तिनका परिवारलाई पर्याप्त क्षतिपूर्ति तथा उपचारको व्यवस्था गर्न सरकारलाई दिइएको आदेश पर्दछ।

सो निर्णय बलपूर्वक बेपत्ता पार्ने कार्यका पीडित व्यक्ति तथा तिनका परिवारको सत्य, न्याय तथा हर्जानाको अधिकारलाई मान्यता दिनेतर्फ एक महत्त्वपूर्ण कदम हो। उच्चायुक्तको कार्यालयले बेपत्ता पारिएका व्यक्ति रहेका ठाउँ र भाग्यस्थिति निर्धारण गर्न एक स्वतन्त्र जाँझबुझ आयोगको स्थापनाका लागि बारम्बार वकालत गरेको छ। उच्चायुक्तको कार्यालय–नेपाल पनि अन्तरिम व्यवस्थापिका–संसद्मा पुरस्थापन गरिएको "बेपत्ता पार्नेसम्बन्धी विधेयक"लाई अझ बढी पूर्णरूपमा अन्तर्राष्ट्रिय मानवअधिकार मापदण्डअनुरूप हुने गरी सबल बनाउन नेपाल सरकारलाई गरिएका आफ्ना सिफारिसहरूलाई दोहऱ्याउँछ। २०६४ ज्येष्ठ ११ गते उच्चायुक्तको कार्यालयले उक्त विधेयकका सम्बन्धमा आफ्ना टिप्पणी र सुझावहरू अन्तरिम व्यवस्थापिका–संसद्का सभामुखसमक्ष प्रस्तुत गरेको थियो।

> "सर्वोच्च अदालतको ऐतिहासिक निर्णय एउटा अत्यन्त सकारात्मक उपलब्धि हो र यसलाई पूर्णरूपमा र तत्परताका साथ कार्यान्वयन गरिनुपर्दछ। यस निर्णयले आफ्ना प्रियजनको अवस्थाबारे थाहा पाउने र न्यायको खोजीमा पीडितहरू र तिनका परिवारको प्रयासहरूका साथै नेपालमा गम्भीर मानवअधिकारको उल्लङ्घनका लागि जिम्मेवार व्यक्तिहरूको दण्डहीनता अन्त्य गर्न बल प्रदान गर्नेछ भन्ने आशा गरिन्छ", संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तकी नेपालस्थित प्रतिनिधि लेना सुन्धले भन्नुभयो।

For further information contact Mr. Chun Bahadur Gurung at OHCHR-Nepal:
Tel.: 428 0164 (Ext. 320) - Mobile: 98510 16937 or Email: cgurung@ohchr.org